# प्रेस विज्ञप्ति

## COP26 मा सहभागी भएयता नेपाल सरकारको कार्बन उत्सर्जनलाई प्रतिसन्तुलन (अफसेट) गर्ने वृक्षारोपण लक्ष्य पूरा भयो

**७ सेप्टेम्बर २०२२ (भदौ २२, २०७९)**

ब्रिटिश काउन्सिलको Road to COP26 अभियानले COP26 मा सहभागी भएयता नेपाल सरकारको कार्बन उत्सर्जन प्रतिसन्तुलनमा योगदान गर्न २० हजार वटा रुखको बिरुवा रोपेको छ। सरकारी, नागरिक समाज र निजी क्षेत्रको साझेदारीमा Road to COP26 अभियानले यस वर्षको सुरुमा गोदावरी नगरपालिकामा ५ हजार वृक्षारोपण गर्‍यो । यस अभियानअन्तर्गत धुलिखेल नगरपालिकामा १५ हजार वृक्षारोपण अभियानको समापन कार्यक्रम भदौ २२ गते सम्पन्न भयो ।

"विश्व वातावरण दिवस २०२१ मा बेलायती दूतावासले बेलायतमा भएको COP26 मा नेपाल सरकारको सहभागिता भएयता कार्बन उत्सर्जनको प्रतिसन्तुलन (अफसेट) कार्यमा सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो । Road to COP26 अभियानको पछिल्लो उपलब्धिले हामीलाई हाम्रो लक्ष्यको नजिक पुर्‍याएको छ । यसले दीर्घकालीन रूपमा वरपरका समुदाय र वातावरणका लागि थप लाभहरू प्रदान गर्नेछ ।" गत वर्ष घोषणा गरेको प्रतिबद्धता सम्झँदै नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले भन्नुभयो ।

वृक्षारोपण अभियानका साझेदारहरू पारिवारिक निजी वन संघ नेपाल र ग्रीन इन्टेलिजेन्सले धुलिखेलको होटल अरनिकोमा यस समापन कार्यक्रमको आयोजना गरेका थिए । कार्यक्रममा आगामी चरणका गतिविधिहरुको प्रस्तुतीकरण र योगदानकर्ताहरूप्रति कृतज्ञता व्यक्त गरिएको थियो । कार्यक्रममा साझेदारहरूले रोपिएका रुखका बिरुवाहरूको कसरी अनुगमन गरिनेछ र थप प्रभावकारी वृक्षारोपणका लागि कसरी स्रोतहरू सिर्जना गरिनेछ भन्नेबारे विस्तृत रूपमा बताए ।

"ब्रिटिश काउन्सिलले अझ प्रभावकारी वृक्षारोपण अभियानहरूलाई प्रेरित गर्नका लागि विभिन्न संघसंस्थाबीचको साझेदारीलाई सहजीकरण गरी मिडिया/कला र सिर्जनशील समाधानहरूको प्रयोग गर्ने कार्यमा सहयोग गरेको छ । यसले यो वातावरणीय कार्यलाई अझ पहुँचयोग्य र सहभागितामूलक बनाएर वृहत प्रभाव सिर्जना गर्न सक्षम भएको छ । हामीले हाम्रा नयाँ साझेदारहरूमार्फत अझ धेरै प्रतिफल (लिगेसी) थप्न पाउँदा खुसी छौं" ब्रिटिश काउन्सिलको कन्ट्री डाइरेक्टर शाहिदा म्याकडुगलले बताउनुभयो ।

"जलवायु परिवर्तनका प्रभावलाई न्यून गर्ने र समुदाय स्तरमा अनुकूलन अभ्यासलाई प्रवर्द्धन गर्ने एउटा प्रमुख माध्य पारिवारिक निजी वन पनि हो । धुलिखेलमा हामीले धेरै वडामा किसानहरूलाई परिचालन गरेर कृषि वनको बारेमा चेतना जगाउने काम गरेका छौं । हामीबाट किसानहरूले प्राप्त गरेका विभिन्न जातका फलफूल, मसला, जडिबुटी र अन्य जातका बिरुवाहरूले दीर्घकालीन रूपमा थप आम्दानी प्रदान गर्नेछन्,' पारिवारिक निजी वन संघका अध्यक्ष श्री जोगराज गिरीले यस अभियानको प्रतिसन्तुलनसम्बन्धी लक्ष्यभन्दा बाहिरका सामुदायिक लाभहरूको सिर्जनाबारे चर्चा गर्ने क्रममा भन्नुभयो ।

५ हजार वृक्षारोपणको प्रारम्भिक अभियान स्टोरी साइकलले सञ्चालन गरेको थियो । यस अभियानमा गोदावरी नगरपालिका र नेपाल आर्ट भिलेजको सहयोग रहेको थियो । वृक्षारोपण कार्यक्रमलाई अझ सहज बनाउनका लागि COP26 को पूर्वसन्ध्यामा स्टोरी साइकलले वन तथा भूसंरक्षण विभाग, वन तथा वातावरण मन्त्रालयसँग मिलेर वृक्षारोपणसम्बन्धी सहयोगी पुस्तिकाको विकास गरेको छ । यस पुस्तिकाको नेपाली छपाइ संस्करण तीन वटा प्रदेशमा ३० भन्दा बढी सरकारी संघसंस्थामा वितरण गरिएको छ ।

## सम्पादकलाई जानकारी

### Road to COP26

Road to COP ले युवा सहभागिता तथा जलवायु सञ्चार मार्फत दीर्घकालीन जलवायु कार्यलाई समावेश गर्न सहयोग गर्दछ। यसले जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई सिर्जनशील रूपमा सम्बोधन गर्न नेपाल र बेलायतका सरोकारवाला/कर्ताहरूलाई जोड्दछ। Road to COP युकेएडको आर्थिक सहायतामा ब्रिटिश काउन्सिलद्वारा सञ्चालित कार्यक्रम हो।

### British Council Nepal

ब्रिटिश काउन्सिल विभिन्न देशहरूबीच सांस्कृतिक सम्बन्ध र शैक्षिक अवसरहरू बढाउन कार्यरत बेलायतको अन्तर्राष्ट्रिय संस्था हो। यसले कला र संस्कृति, शिक्षा र अंग्रेजी भाषा मार्फत बेलायत र अन्य देशका मानिसहरूबीच सम्बन्ध, समझदारी र विश्वास निर्माण गर्दछ।

ब्रिटिश काउन्सिलको कला र संस्कृतिसम्बन्धी कार्यक्रमले सिर्जनशील अभिव्यक्ति र आदानप्रदानलाई प्रेरित गर्दछ र सिर्जनशील उद्यमलाई वृद्धिविकास गर्दछ। हामी कलाका विभिन्न स्वरूप र मिडिया मार्फत विश्व चुनौतीहरूको सम्बोधन गर्दै समावेशिता, जलवायु परिवर्तन र सांस्कृतिक सम्पदाका क्षेत्रमा कार्य गर्दछौं।

पारिवारिक निजी वन संघ नेपालमा रहेका पारिवारिक निजी वनका मालिकहरूको छाता संगठन हो। यो संघ नेपालका ६४ जिल्लामा क्रियाशील रहेको छ र किसानमैत्री नीति तर्जुमा गरी उनीहरूको भोगाधिकार सुनिश्चित गर्न, पारिवारिक वनको प्रवर्द्धन गर्न र निजी जग्गामा उत्पादित प्राकृतिक स्रोतको जिम्मेवार व्यवस्थापन मार्फत किसानको आम्दानी बढाउन सक्रिय भूमिका खेल्दै आएको छ।

ग्रीन इन्टेलिजेन्सले स्वस्थ पुनरुत्पादनशील वनहरू भएको भूपरिदृश्य पुनर्स्थापना गर्ने लक्ष्य राख्छ। तिनीहरूले विस्तार गर्न सकिने एउटा परिणाममुखी पद्धति तयार गरेका छन् र यसले जैविक विविधताको अभिवृद्धि गर्ने, उत्थानशील भूपरिदृश्य निर्माण गर्ने र स्थानीय समुदायका लागि आर्थिक अवसर वृद्धि गर्ने कुरामा योगदान गर्दछ। ग्रीन इन्टेलिजेन्स पारिवारिक निजी वन संघको प्राविधिक साझेदार हो।

स्टोरी साइकलले वातावरणीय दिगोपनमा लक्षित रहँदै औजार एवम् प्रविधिको संयोजन मार्फत विभिन्न विषयगत क्षेत्रमा कार्य गर्दछ र कथावाचनलाई सबै कुराको केन्द्रबिन्दुमा राख्दछ। यसले ग्रामीण दूरदराजका नसुनिएका कथाहरूलाई वैकल्पिक मिडियाका माध्यमबाट सबै सामु पुऱ्याउँछ। स्टोरी साइकलले Road to COP26 अभियान अन्तर्गत वृक्षारोपण योजनालाई अझ सहज र प्रभावकारी बनाउन वृक्षारोपणसम्बन्धी पुस्तिका तयार गरेको छ।

**थप जानकारीका लागि :**

श्री ज्योतिर निशा
प्रोजेक्ट म्यानेजर, Road to COP, ब्रिटिश काउन्सिल
मोबाइल: +977 9841576834
Jyotir.nisha@britishcouncil.org